आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. २१।०७७।०७८
मितिः-२०७८।२।९ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | दस्तखत |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | दस्तखत |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | दस्तखत |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | — |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | दस्तखत |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | दस्तखत |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | दस्तखत |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | दस्तखत |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | दस्तखत |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | दस्तखत |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | दस्तखत |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | दस्तखत |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | दस्तखत |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | दस्तखत |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | — |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | दस्तखत |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | दस्तखत |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | दस्तखत |
| श्री वुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | दस्तखत |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | – |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | – |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | – |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ | |

श्री रमेश प्रसाद चापागाईं ता.न.पा १४ [illegible] अधिकृत

निर्णय नं. १

नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग तथा यस तानसेन नगरपालिका वीच गत २०७७।११।२१ मा भएको सम्झौता (Participation Aggreement) वमोजिम संचालनमा आएको नेपाल शहरी शासकीय पुर्वाधार आयोजना अन्तर्गत यस तानसेन नगरपालिकामा निर्माण हुने पूर्वाधारहरुको Design तथा Supervision कार्यका लागि परामर्शदाता नियुक्ति गर्न शहरी विकास तथा भवन निर्माण विभागवाट तयार भएको परामर्श दाताहरुको सेवा सुविधा सम्वन्धी लागत अनुमान तथा TOR लाई स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

प्रदेश सरकार लुम्विनी प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र लुम्विनी प्रदेश योजना आयोगवाट विस्तृत अध्ययन एवं DPR भई कार्यान्वयनको चरणमा रहेकोले एकिकृत कृषि विकास परियोजना अन्तर्गतको माडी बृहत सिंचाई आयोजनाका लागि प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र प्रदेश योजना आयोगमा रु. ५ (पाच) करोड रकम विनियोजन गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

नयाँ भेरियन्ट सहितको कोभिड दोश्रो लहरवाट संक्रमित विरामीहरुको उपचारार्थ ता.न.पा. द्वारा स्थापना भएको आईसोलेशन कक्षमा खटिएका डाक्टर तथा अन्य स्वास्थ्य कर्मी लगायतलाई निम्नानुसार थप प्रोत्साहन सेवा सुविधा प्रदान गर्ने निर्णय गरीयो ।

क. २४ घण्टा संक्रमित विरामीहरुको उपचारार्थ आईसोलेशन भित्र खटिने स्वास्थ्यकर्मीलाई प्रतिदिन प्रति व्यक्ति हाजिर भएको दिनको रु. २०००।

ख. डा. झपेन्द्र ढकाललाई दैनिक रु. ३०००।

ग. आईसोलेशनको सरसफाईकर्मीलाई तलवको शतप्रतिशत ।

घ. एम्वुलेन्स चालकलाई तलवको शतप्रतिशत ।

ङ. सामान आपुर्ति गर्ने र सरसफाई व्यवस्थापन गर्ने रविकर श्रेष्ठलाई तलवको शतप्रतिशत ।

च. आईशोलेशन कक्ष वाहिर खटिने नगर प्रहरीलाई हाजिर भएको दिनमा तलवको ३० प्रतिशत ।

निर्णय नं. ४

आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्विनी प्रदेश वुटवलवाट आ.व. ०७८।०७९ को समपुरक अनुदान वापतको विनियाजन हुने रकम तथा कार्यक्रमका लागि तानसेन नगरपालिकाको देहायका आयोजनाहरु समावेश गरी पठाउने निर्णय गरियो ।

क) सिमलको रुखदेखि वौघा गुम्हा हुदै छेर्लुङ्ग मोटरवाटो (तानसेन कालीगण्डकी लिंकरोड) ता.न.पा. वडा नं. १२ र १३

ख) सेतीपोखरी गुफाचौर सडक स्तरोन्नती कार्य ता.न.पा वडा नं. ५, १०, ११

ग) वासटारी पक्लुवा सडक स्तरोन्नती ता.न.पा. वडा नं. ७

घ) नारायणस्थान ठुलो पोखरी देखि टुडिखेल निस्कने ढल तथा सडक निर्माण ता.न.पा २, ६

ङ) शारदा मा.वि देखि डिल वहादुर मार्गसम्म सडक स्तरोन्नती ता.न.पा. ८

च) चण्डी भन्ज्याङ्ग राजुवास जोर्ते मोटरवाटो ता.न.पा. ११

छ) सितलपाटी, जनता स्कूल माथिल्लो गेट , जनता स्कूल तल्लो गेट, बसन्तपुर, देउराली, बतासेडाडा ता.न.पा वडा नं. ३, ५

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. १ गैरागाँउको पैरो मर्मत कार्य उपभोक्ता समितिवाट भईरहेकोमा कोभिड १९ का कारण काममा ढिलाई भईसकेको अवस्थामा उक्त निर्माण कार्य छिटो संचालन गर्नको लागि हाललाई उपभोक्ता समिति मार्फत रु. ८ लाख पेश्की निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका वडा नं. १३ छेर्लुङ्ग सिंचाई कुलो निर्माण कार्य गर्नको लागि उपभोक्ता समितिवाट भईरहेकोमा कोभिड १९ का कारण काममा ढिलाई भईसकेको अवस्थामा उक्त निर्माण कार्य छिटो संचालन गर्नको लागि हाललाई उपभोक्ता समिति मार्फत रु. संचालन गर्न लागत अनुमानको ३३ प्रतिशत पेश्की निकासा दिने निर्णय गरियो ।

Scanned with CamScanner